**सर्पको टोकाईबाट बचौं र बचाऔं**
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन १२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 28 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३०

## धानखेतीमा किसानहरूको लगानी बढ्दो

धर्मेन्द्र चौरसिया, पोखरिया, ११ साउन/

ठोरीका किसानहरू धानखेती गर्दा तीनथरीबाट मारमा परेका छन्– मल






तस्वीरः प्रतीक

रसिंचाइको अभाव तथा महँगोमा मल खरीद। अहिले धान रोपाइँ गरिसकेका किसानहरू युरिया मलको अभाव झेल्दैछन् भने धानको बीउ रोप्न बाँकी



कृषि सामग्री कम्पनीमा मल लिन पुगेका किसानहरू। तस्वीरः प्रतीक

किसानहरू सिंचाइको। अधिकांश ठोरीका किसान आकाशे पानीको भरमा धान रोपाइँ गर्छन्।

भौगोलिक विकटताले ठोरीमा आकाशे पानीको विकल्पमा कुलोहरू मात्र छन्। भूमिगत सिंचाइ यहाँ सम्भव छैन। आकाशे पानीमा आश्रित किसानहरू अहिले रोपाइँ गर्दैछन् भने रोपाइँ गरिसकेका केही किसानहरू गोडमेल गर्दैछन्। दुवैथरीक किसानलाई मलको आवश्यकता छ। ठोरीमा मलको चरम अभाव छ। सीमापारि भिखनाठोरीबाट यसअघि साढे छ सय नेरुमा मल ल्याउँदै गरेका किसानहरूले अहिले दुई हजार तिर्नुपरेको छ।

यसअघि युरिया मल भारतमा भने भारु २५० देखि ३०० मा बिक्री हुने गरेको थियो। त्यहाँका मल व्यापारीहरूले नेपालमा मल अभाव भएको अवसरको फाइदा उठाउँदै मलको मूल्य अचाक्ली बढाएका छन्। भिखनाठोरीमैं प्रतिबोरा युरिया मल भारु एक हजारमा बिक्री हुँदैछ। ठोरी बजारसम्म ल्याउनेहरूले दुई हजारसम्ममा बिक्री गरिरहेको स्थानीय किसान विष्णु घिमिरेले बताए। उनले महँगो मूल्यमा मल खरीद गरेर खेती गर्दा लगानी नउठ्ने भयले चिन्तित बनाएको बताए।

भर्खरै चैते धान भित्र्याएकाहरूले १८ सय रुपैयाँ प्रतिक्विन्टल बिक्री गर्नुपरेको र यो मूल्य गत वर्षभन्दा पनि कम भएको उनले बताए। ठोरी गापामा अगहनी धानको रूपमा सोना मन्सुली बढी मात्रामा रोपिन्छ। घिमिरेले सोना मन्सुली धान रोपाइँ गरेको तर त्यसको परल मूल्य पनि नउठ्ने हो कि भन्ने भयले आफू चिन्तित भएको बताए। मलको अभाव छ, सिंचाइ समयमा भएको छैन, ज्यालादारी त्यत्तिकै महँगो छ। कृषि कर्म गर्नेहरूले आर्थिक व्ययभार बढी झेल्नुपरे पनि सोअनुरूपको मूल्य नपाउँदा किसानहरू चिन्तित हुनुपरेको बताए। उनले लगानी अनुसार धानको मूल्य नपाएमा आगामी वर्षदेखि धेरैले धानखेती गर्न छाड्ने बताए।

यसैबीच पर्सेली किसानहरूले कृषि सामग्री कम्पनी वीरगंजमा प्रदर्शन गरेका छन्। कम्पनीको गोदाममा मल आएको तर किसानलाई वितरण नगरिएको भन्दै उनीहरूले बुधवार प्रदर्शन गरेका थिए। कम्पनीको मूलगेटअगाडि किसानहरूले मलको माग गर्दै प्रदर्शन गरेका हुन्। कम्पनीले मङ्गलवार किसानहरूलाई मल वितरण गरे पनि बुधवार वितरण नगरेपछि प्रदर्शन भएको हो।

## सात वर्षमा बन्न नसकेको वीरगंज-पथलैया व्यापारिक सडक आगामी असार मसान्तसम्म पूरा होला ?

प्रस, परवानीपुर, ११ साउन/

मध्यतराईको पर्सा–बारा जोड्ने वीरगंज–पथलैया सडकखण्डमा सञ्चालनमा रहेको वीरगंज–पथलैया व्यापारिक मार्ग विस्तार आयोजना यस क्षेत्रको महत्त्वाकाङ्क्षी योजना हो।

दुई वर्षभित्र काम सम्पन्न गर्नुपर्ने आयोजना शुरू भएको आज सात वर्ष बितिसक्दा पनि शतप्रतिशत काम सम्पन्न हुन सकेको छैन। मध्यतराईका जिल्लावासी, आन्तरिक पर्यटकसँगै भारतीय पर्यटकलाई पनि व्यापारिक मार्ग आयोजनाको कामले गिज्याइरहेको छ। सात वर्षमा मुख्य लेनको काम पनि पूर्णरूपमा हुन नसकेकोमा फूटपाथ, नाला, कलभर्ट, सोलार बत्ती, वृक्षारोपण लगायतका कामको कुनै ठेगान नै छैन।

२०७३ असार २९ मा दुई वर्षमा काम सम्पन्न गर्नेगरी सम्झौता भएपछि तीनवटा पुल, नाला, कलभर्टलगायतका काम पनि समावेश हुँदै गएपछि आयोजना लम्बिएको र सोचेअनुरूपको प्रगति हुन नसकेको आयोजना प्रमुख मनीषकुमार साह बताउँछन्।

करीब सवा पाँच अर्ब लागतको उक्त आयोजनालाई १३ वटा खण्डमा बाँडेर ठेक्का दिई काम भइरहेको छ। कार्यालयका अनुसार आयोजनाको वित्तीय प्रगति ८५.६३ प्रतिशत र भौतिक प्रगति ९१.२६ प्रतिशत दाबी गरिन्छ तर सुक्खा बन्दरगाह–जगरनाथपुर–परवानीपुर सडकखण्डमा मुख्य लेन र त्यसको दायाँ–बायाँको सडक लेन, नाला र फूटपाथको काम भएको देखिंदैन।

सात वर्षदेखि सञ्चालित आयोजनामा सबैभन्दा ढिलाइ भएको सडकखण्ड सुक्खा बन्दरगाह–हरपतगंज, परवानीपुर–गण्डक सडक, तीनवटा पुल र सूर्य नेपालदेखि जीतपुर बजार हुँदै गढीमाई मन्दिरसम्मको हो। आयोजनाको कार्यालयले ठेकेदारलाई कालोसूचीमा राख्न पटक–पटक ताकेता गर्दा पनि सरकारले ठेकेदारलाई कारबाई नगरी



तस्वीरः फाइल

उल्टै एक वर्षको समयावधि थप गरेकोले आयोजना अझै लम्बिनेछ।

सबैभन्दा कम काम भएको जीतपुरमा ढिलाइ हुनुको कारण मन्दिर निर्माण हो। रु ७१ लाखको लागतमा निर्माण भइरहेको उक्त मन्दिरको प्रगति ४० प्रतिशत मात्र छ। गुरुकुल बिल्डर्स एन्ड सप्लायर्स प्रालि, चन्द्रपुरले २०७९ जेठमा काम सम्पन्न गर्ने सम्झौता गरेको थियो तर उसले काम निकै ढिलो गरी शुरू गऱ्यो।

त्यसैगरी, परवानीपुर–गण्डकको करीब चार किलोमिटर सडकखण्डको प्रगति ९३ प्रतिशत छ। उक्त सडकखण्डको ठेक्का दिवा/सपना जेभीले लिएको छ। परवानीपुर बजारमा सडक विस्तारको काम ओझेलमा पर्दा कालोपत्रको काममा पनि ढिलाइ भएको छ।

त्यसैगरी, परवानीपुर–जगरनाथपुर–गण्डक नहरसम्मको सडकखण्ड एएमआर/पप्पु/कन्टेक्ट जेभीले ठेक्का पाएकोमा ७७ प्रतिशत, जगरनाथपुर–हरपतगंज ३.५० किलोमिटर सडकखण्डको ठेक्का श्रेष्ठ/बिरुवा/एपेक्स जेभीले लिएकोमा ९१.४४ प्रतिशत, हरपतगंज–सुक्खा बन्दरगाह–आइसिपी चोकसम्म साढे तीन किलोमिटर सडकखण्डको पप्पु/लुम्बिनी जेभीले ठेक्का लिएकोमा ७६ प्रतिशत, पथलैयादेखि सूर्य नेपालसम्मको साढे चार किमी सडकखण्डको एएमआर/कन्टेक्ट जेभीले ठेक्का लिएकोमा ९७.१४ प्रतिशत, सूर्य नेपालदेखि गढीमाईसम्म ५.८० किलोमिटर खण्डको शर्मा/युनाइटेड/दिवा निर्माण सेवाले ठेक्का पाएकोमा ८२ प्रतिशत र गढीमाईदेखि परवानीपुर प्रहरी चौकीसम्म ५.१६ किलोमिटर खण्डको एएमआर/कन्टेक्ट जेभीले ठेक्का लिएकोमा ९०.६४ प्रतिशत मात्र काम भएको छ।

त्यसैगरी, लालपर्सा गाउँनजीक निर्माण भइरहेको श्रीसिया खोला पुल र परवानीपुर प्रहरी चौकी नजीक निर्माण भइरहेको पुलको ठेक्का लुम्बिनी/मृत सञ्जीवनीले लिएकोमा ९५ प्रतिशत प्रगति भएको देखिन्छ।

त्यसैगरी, जगरनाथपुर–गण्डक नहरमा र नारायणी सिंचाइनजीक गण्डक बहुअरीमा दुईवटा कलभर्टको पनि काम भइरहेको छ।

## सामाजिक कुरुति विरुद्ध जनजागरण कार्यक्रम

प्रस, सिम्रौनगढ, ११ साउन/

महिला हिंसा तथा बोक्सीप्रथा अन्त्य राष्ट्रिय जागरणसम्बन्धी कार्यक्रम बुधवार बाराको सिम्रौनगढ उद्योग वाणिज्य सङ्घको सभाकक्षमा सम्पन्न भएको छ।

कार्यक्रममा सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवारले समाजमा बोक्सी रहेको कुरा






तस्वीरः प्रतीक

मनगढन्त मात्र हो भने।

उनले यो मात्र मनको भावना हो, बोक्सी भन्ने नै छैन, समाजका गरीब एकल र बूढी महिलालाई सजिलैसित आरोप लगाएर यातना दिने प्रथा मात्र भएको बताए। उनले कसैले कसैलाई बोक्सीको आरोप लगाए, आरोप लगाउनेमाथि कानूनबमोजिम कारबाई हुने बताए। बोक्सी प्रथा उन्मूलनको लागि पालिकाले विभिन्न जनचेतनामूलक कार्यक्रम गरी जनजागरण जगाउँदै आएको बताए।

राष्ट्रिय जागरण अभियानका केन्द्रीय अध्यक्ष कोविदशरण उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा यो जागरण अभियान देशव्यापीरूपमा सञ्चालन हुने र जनतालाई चेतना जगाउँदै बोक्सी प्रथा उन्मूलन गर्ने रहेको जनाइएको छ।

यो अभियान अन्तर्गत महोत्तरीमा २२, धनुषामा २२, रौतहटमा ४, पर्सामा ६ र बारामा ५ पटक कार्यक्रम भएको र देशका ३० जिल्लामा सञ्चालन हुने

(बाँकी अन्तिम पातामा)

### छोटकरी

## मेला समिति गठन

प्रस, वीरगंज, ११ साउन/

परवानीपुरमा नागपञ्चमीका दिन लाग्दै आएको परवानीपुर झन्डा मेलाको लागि समिति गठन भएको छ।

परवानीपुर गाउँपालिका–३ लिपनीमालमा साउन १७ गते लाग्ने मेलाका लागि १५ सदस्यीय मेला समिति गठन भएको हो।

समितिको अध्यक्ष अमिका ठाकुर, उपाध्यक्ष रामएकबाल यादव, सचिव तपसी साह, सहसचिव मिरहसन हवारी, कोषाध्यक्ष दिनेशसाह रौनियार र सहकोषाध्यक्षमा मुन्ना हवारीलगायत सदस्यहरू छन्।

## ग्रामीण महिलालाई आत्मसुरक्षासम्बन्धी तालीम

विमला गुप्ता, वीरगंज, ११ साउन/

सखुवाप्रसौनी गाउँपालिकामा





तस्वीरः प्रतीक

आत्मसुरक्षासम्बन्धी तालीम तथा अभिमुखीकरण कार्यक्रम बुधवार वडा नं २ स्थित दीपनारायण आदर्श माध्यमिक विद्यालयमा सम्पन्न भएको छ।

मधेस प्रदेशका पर्सा, बारा, सिराहा जिल्लाका १० वटा पालिकामा सञ्चालन भइरहेको परियोजना अन्तर्गत आत्मसुरक्षासम्बन्धी तालीम महिला तथा किशोरीमाथि हुने हिंसा रोकथाम गर्ने उद्देश्यले आयोजना गरिएको दलित महिला केन्द्र नेपालकी सञ्चिता महर्जनले बताइन्। अहिले बलात्कारका तथा महिलामाथि हुने दुर्व्यवहार बढिरहेको बेला किशोरीहरूलाई आत्मसुरक्षासम्बन्धी तालीम दिइएको उनले बताइन्।

उनले भनिन्, "यहाँबाट सिकेका अभ्यासहरू बालिकाहरूले आफ्नो रक्षाका लागि प्रयोग गर्न सक्छन् साथै परिवारलगायत अन्य साथीहरूलाई पनि सिकाउनेछन्। किशोरीहरू सक्षम भए महिलामाथि भइरहेको हिंसाका घटनामा कमी आउनेछ।"

सिराहाका कराँते प्रशिक्षक कसम लामाले किशोरीहरूलाई आत्मसुरक्षासम्बन्धी तालीम दिइरहेका छन्। प्रशिक्षक लामाले कराँतेका केही चालहरू किशोरीहरूलाई सिकाउँदै छन्।

प्रशिक्षक लामाले भने, "नेपालमा महिला हिंसा, बलात्कारका घटना दिनहुँ समाचारमा सुनिरहेका छौं। यस्तो समयमा महिलाहरूमाथि अचानक हुने घटनामा हातखुट्टाको प्रयोग गरेर आफ्नो रक्षा गर्ने अभ्यास हामीले गराउँदै छौं।"

सोलखपुरकी मीना रामलाई आफ्नो सुरक्षा आफैंले कसरी गर्न सकिन्छ भन्नेबारे तालीम लिन पाउँदा हौसला बढेको बताइन्। एक छोरीकी आमा मीनालाई आफ्नो सन्तानको सुरक्षा कसरी गर्नेबारे जानकारी पाउँदा सचेत भएको बताइन्। अहिलेको समाजमा बढिरहेको आपराधिक गतिविधि अनुसार महिलाहरूको लागि यस प्रकारको तालीम आवश्यक रहेको उनको भनाइ छ।

२० वर्षीया सुष्मिता चौधरीले पुरुषसरह महिलाहरू पनि बाहिरी

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**आजको जिन्दगीको सबैभन्दा दुःखद पक्ष के हो भने विज्ञानले ज्ञानको पहिचान जति छिटो गर्दछ, समाजले त्यति छिटो विवेक पहिल्याउन सक्दैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## निर्वाचन कार्यालयको निरीहता

**स्थानीय चुनाव सकिएको अहिले दिन गणनाले दुई महीनाभन्दा बढी भइसकेको छ। मतगणना सकिएको मितिले पनि गणना गर्दा जेठ ९ गते पर्सा जिल्लाका १४ वटै पालिकाको मतगणना सकिएको थियो र अहिले यो अवधि पनि दुई महीनाभन्दा बढी भइसकेको छ। निर्वाचन आयोगले स्थानीय तहका उम्मेदवारहरूलाई मतगणना सकिएको ३५ दिनभित्र चुनावी खर्च विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा बुझाउन आह्वान गरेको थियो। आयोगले चुनावी खर्च विवरण नबुझाउने उम्मेदवारको हकमा पाँच हजार जरिवाना तोकेको छ । स्थानीय तहको निर्वाचन वैशाख ३० गते एकै दिन देशभरि सम्पन्न भएको थियो । केही मतदान केन्द्रबाहेक देशभर शान्तिपूर्ण निर्वाचन सकिए पनि जितेका र हारेका थोरैले मात्र खर्च विवरण पेश गरेका छन् । पर्सा जिल्लामा १.२७ प्रतिशत उम्मेदवारले मात्र खर्च विवरण पेश गरेका छन् । यो जिल्लाबाट स्थानीय निर्वाचनमा तीन हजार ४५८ जना उम्मेदवार थिए ।**

**आयोगले स्थानीय तहको निर्वाचन शान्तिपूर्णरूपमा सकिएको कुरालाई सफलता मानेर अहिले ढुक्कका साथ बसेको पाइन्छ। चुनाव सम्पन्न गर्नका लागि जारी गरिएका आचारसंहिता उल्लङ्घनका विषयमा पनि आयोग मौन छ। थुप्रै उम्मेदवारले चुनावको बेला आचारसंहिताको खिल्ली उडाएका थिए । गत निर्वाचनभन्दा यसपटकको निर्वाचनमा आचारसंहिता उल्लङ्घनका घटनामा कमी आयो । तर यो भन्दैमा आयोगले जारी गरेको आचारसंहिताको अक्षरशः पालना भने कहीं पनि भएन। आर्थिक कुरामा त झनै भएन। आयोगले नगर प्रमुख/उपप्रमुखलाई साढे सात लाख, वडाध्यक्षलाई तीन लाख, गापा अध्यक्ष/उपाध्यक्षलाई साढे तीन लाख र वडाध्यक्षहरूलाई डेढ लाख खर्चको सीमा तोकेको थियो । पर्सा जिल्लाका १४ वटै पालिकामा वडासदस्यहरू गणनामा परेनन् तर वडाध्यक्षहरूले पनि १० लाखभन्दा बढी खर्च गरेका छन् । गापा अध्यक्षको लागि पनि न्यूनतम २५ लाख खर्च भएको अनुमान छ । नगर र महानगर प्रमुखहरूको कुरै नगरौं । तीव्र प्रतिस्पर्धामा रहेका उम्मेदवारहरूले करोडमाथि नै खर्च गरे। यसपटकको चुनावमा नौलो पारामा भोजभतेर भयो । समूहगतरूपमा एकै थलोमा कहींकतै भोज भएन । सबै वडाका टोलटोलमा २०/२५ जनाभन्दा बढी सहभागी नगराइकन भोज सम्पन्न भए । आचारसंहिताका अन्य पाटाहरूमा पनि उल्लङ्घन भए। तर कारबाही भएको सार्वजनिक नभएपछि यससम्बन्धी उजूरी, गुनासाहरू हुन छाडे। उजूरी गरेपछि सो सम्बन्धमा कारबाही भएको भए उल्लङ्घनका घटनाहरूबारे अझ बढी उजूरी आउँथ्यो होला ।**

**आयोगले जारी गरेको आचारसंहिता उल्लङ्घनका घटनामा कारबाही नहुँदाको परिणाम हो– आचारसंहिताको चरम उल्लङ्घन। अहिले त्यसैको परिणाम भन्नुपर्ला जितेका र हारेका दुवैथरीले खर्च विवरण नबुझाएको । तोकिएको समयमा खर्च विवरण नबुझाउनेलाई आयोगले कानूनबमोजिम दण्ड जरिवाना गरेको भए अहिलेसम्म धेरैले खर्च विवरण बुझाइसकेका हुन्थे। तर पर्सा जिल्लाको मात्र तथ्याङ्क हेर्दा दुई प्रतिशतले पनि बुझाएका छैनन् । विवरण नबुझाएबापत उम्मेदवारलाई कारबाही पनि गरिएको छैन । आयोगले यससम्बन्धी निर्देशिका जारी गरेको छ तर जिल्ला निर्वाचन कार्यालय निरीह छ। निर्देशिकामा स्पष्ट रहेका कुरामा पनि के गर्ने भनेर निर्देशनको कुराइमा छ ।**

# किसानको छटपटी र देशको वेदना

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**आम किसानको आशङ्का के हो भने असार सुख्खा गयो र साउन पनि आधा सुख्खा नै गएपछि अब धेरै पानी पर्न सक्छ। यदि धेरै पानी पऱ्यो भने कि बाढी आउँछ र खेतको धान गलाउँछ वा बगाउँछ। पानी धेरै परेर बालीलाई नोक्सान पुऱ्याउँछ।**

अहिले तिथिले आधा साउन बितिसकेको छ। आधा साउन बित्नुको अर्थ हो साधारण किसानको लागि सबैभन्दा कठिन दिन बितेको हुनु। यदि पहिलेको समय हुँदो हो त अहिले गाउँमा केवल हिलो मात्र हुन्थ्यो तर अहिले खेतमा पनि धूलो उडेको छ । खेतमा धूलो उड्नुको अर्थ हो रोपाइँ अझै भएको छैन । साँच्ची पहिलेदेखि यस वर्ष औसतभन्दा बढी पानी पर्ने सम्भावना रहेको छ भनेर खबर आउँदा सबैभन्दा बढी खुशी हुने किसान किन देखिन्थे भने यही पानीमा सुखको सपना देखेका थिए तर अहिलेसम्म खेतीको लागि पानी नपर्दा किसानलाई अपूरणीय क्षति भइसकेको छ।

वर्षाको भरमा खेती गरिने धानको सरेहतिर गएर हेर्दा किसानको बिजोग देखिन्छ । यस वर्ष अहिलेसम्म धानको बेर्ना पनि राम्ररी तयार हुन सकेको छैन। ब्याडमा धानको बीउ छरेको दुई महीना बितिसकेको छ तर पनि अन्य वर्षमा हुने जस्तो बेर्ना नहुनुमा मौसमको सबैभन्दा ठूलो प्रभाव रहेको छ । किसानहरू सम्झिरहेका छन् – विगत धेरै वर्षमा अहिलेको जस्तो सुख्खा मौसम भोग्नु परेको थिएन। कतिपय बूढापाका किसान भनिरहेका छन् कि धेरै वर्ष पहिले कहिलेकाहीं यस्तो सुख्खा देख्न पाइन्थ्यो र यस्तो सुख्खा हुँदा किसानले खुर्पीले धान रोप्दथे । इनारको पानी घैलामा लिएर गएर अलिअलि पटाउँथे र रोप्थे। के आसमा भने आकाशबाट पानी परेपछि बीउ सप्रेला !

अहिले इनार छैन। अहिले घैला पनि छैन। पहिलेको जमाना पनि छैन। जमाना धेरै अगाडि भागिसकेको छ तर किसानको लागि समय भने उही दोहोरिएको देखिएको छ। किन हो किन मौसमले यस वर्ष निकै धोका दियो, किसानलाई। धान रोप्नको लागि कतिपय किसानले दुई तीनपटक पानी पटाएर बेर्ना तयार पारेका छन् तर महँगो डिजलले गर्दा पानी पटाएर खेत रोप्न तयार छैनन् । दमकलले पानी पटाएर यदि खेत रोप्ने हो भने यस्तो सुख्खामा एक दिनमैं पानी सुक्छ र खेत फेरि जस्ताको तस्तै हुन्छ । पैसा लाग्ने तर बालीलाई भने फाइदा नहुने। झन् दोहोरो घाटा हुने सम्भावनाले त्रसित छन् ।

एकजना किसान सुनाउँछन्– यसपटकको जस्तो महँगो खेती कहिल्यै भएन । एकपटक पानी पटाइहालूँ न त भन्दा, धानको बेर्ना तयार पार्दासम्म तीनपटक पानी पटाएको र असार पन्ध्रमा रोपेको धानमा त्यसपछि पनि दुईपटक पानी पटाए पनि, धानको हाल बेहाल छ। धानको खेतमा पुग्दा माया लागेर आउँछ। अहिलेसम्म धानको खेतमा यति धेरै लगानी लागिसकेको छ कि अब फेरि पानी पटाउनुपऱ्यो भने साँच्चीकै कुनै पनि हालतमा लागत उठ्न सक्दैन। अब त धानखेतीको अगाडि आत्मसमर्पण गर्ने सोच बनाइसकेको छु । कुनै पनि मूल्यमा खेतमा दमकलले पानी नपटाउने बरु आकाशे सिंचाइको भर पर्ने ।

किसानलाई खेतीको कति धेरै माया हुन्छ भन्ने कुरो एकजना निकै पुराना किसानको भनाइबाट स्पष्ट हुन्छ। उनी भन्छन्–किसानले गर्ने खेतीमा हुने लगानी र बाबुले छोरामा गर्ने लगानीको हिसाब राखिन्न । हिसाब राख्न थाल्यो भने किसानले खेती छाड्छ र बाबुले छोरालाई पाल्न छाड्छ । किसानले गर्ने सबै किसिमका लगानीको हिसाब गर्न सकिंदैन र बाबुले छोरामा गर्ने सबै किसिमका लगानीको पनि हिसाब गर्न सकिंदैन । किसानको लागि खेती सबैभन्दा ठूलो कुरा हो र यसमा आफ्नो सबै क्षमता उपयोग गरेर उत्पादन गर्छ तर भगवान (प्रकृति वा मौसम)ले साथ दिएन भने किसानलाई घाटा भए पनि गुनासो गर्न कतै जाँदैन ।

आशाको बीउ रोपेर सम्भावना र सन्तोषको बाली उमार्ने सर्वसाधारण किसानको भागमा यसपटक धेरै छटपटी परेको छ । युगले यति धेरै फड्को मारिसकेको भए पनि र गत पाँच वर्षमा सडकमा गिट्टी बिछ्याउने तथा ढलान गर्ने काममा यति धेरै प्रगति गरिसकेको भए पनि कृषिको क्षेत्रमा र किसानको लागि अझै धेरै गर्न बाँकी रहेको देखिएको छ । वास्तवमा देशमा ऊर्जाले खेतमा पानी पटाउन सकिन्छ भन्ने कुरो नबुझेको समयमा देशमा ऊर्जाको धेरै अभाव थियो तर अहिले ऊर्जाको अभाव नहुँदा पनि खेतसम्म ऊर्जाको पहुँच नहुनु दुःखद अवस्था हो । यही दुःखद अवस्थाले किसानलाई अप्ठ्यारोमा पारेको छ ।

सोझा किसानको अहिले ढलानमा खुट्टा पोलिरहेको छ । बिजुलीको पहुँच नहुँदा बोरिङ भएर पनि पानी पटाउन सकिरहेको छैन। रोपाइँका लागि एकजना किसानले बोरिङ धनीलाई गुहार्न जाँदा दश कठ्ठा खेतमा पानी पटाउन छ हजार रुपियाँ मागेपछि फर्केर आए। बरु खेत पर्ती राख्दा नै फाइदा होला भन्ने सोचेका छन् । सम्भवतः बिजुलीको पहुँच भएको भए ती किसानले मुश्किलले तीनचार सय रुपियाँको खर्चमा रोपाइँ गर्न सक्थे। ती किसानले सन्तोष मान्ने ठाउँ कसरी पाएका छन् भने बोरिङ साहुले पनि महँगीका कारणले खेत रोपेका छैनन् । वर्षा पर्खेर बसेका छन् ।

आखिर पानी त पर्ला नै। पूरै महिना सुख्खा नजाला। पानी परे पनि अहिलेको किसानको अनुमानमा धान खेतीमा जति क्षति भइसक्यो, त्यसको पूर्ति सम्भव छैन। किनभने धानको बेर्ना तयार हुन नपाउँदा एक किसिमले समयको क्षति भइसकेको छ। राम्ररी तयार नहुनु पनि मर्का पर्नु हो। साथै समयमा रोपाइँ भएन। घामले गर्दा धान खेतको बेहाल छ। यति हुँदाहुँदै पनि यदि आउने समय धान खेतीको लागि उपयुक्त भइदिन्छ भने कम्तीमा दशदेखि पच्चीस प्रतिशत मर्का पर्न सक्छ । तर किसानलाई अर्को आशङ्का छ; बालीलाई मौसमले थप क्षति पुऱ्याउला भन्ने ।

आम किसानको आशङ्का के हो भने असार सुख्खा गयो र साउन पनि आधा सुख्खा नै गएपछि अब धेरै पानी पर्न सक्छ । यदि धेरै पानी पऱ्यो भने कि बाढी आउँछ र खेतको धान गलाउँछ वा बगाउँछ । पानी धेरै परेर बालीलाई नोक्सान पुऱ्याउँछ । एकातिर सुख्खाले गर्दा कमजोर भइरहेको धानलाई अब यदि बाढीले गर्दा झन् कमजोर बनाउने हो भने यस वर्ष जति घाटा किसानलाई कहिल्यै हुँदैन। सम्भवतः धानको उत्पादन राम्ररी नहुँदा वा बालीमा धेरै क्षति र दोहोरो क्षति पुग्न जाँदा देशलाई पनि घाटा हुन्छ। किसानको छटपटी देशको लागि पनि वेदना हुन सक्छ ।

किसानहरूले अर्को दुःसंयोग पनि देखिरहेका छन्। विगत दुई वर्ष कोरोना महामारीले विकराल रूप लिइरहँदा मौसम खेतीको अनुकूल थियो । मौसम अत्यन्त उपयुक्त थियो । समयमा पानी परेको थियो र धानको उत्पादनमा सकारात्मक असर परेको थियो। मलको अभाव आफ्नो ठाउँमा छ। मलको अभाव त अहिले पनि छ । मलको अभावबीच पनि किसानले खेती गरेका थिए र अहिले पनि गरिरहेका छन् तर यसपटक कोरोनाको महामारी छैन वा आधा साउन बित्न लाग्दा खासै डर छैन । यस वर्ष यदि विगत दुई वर्षजस्तो मौसम अनुकूल भएको भए गत दुई वर्षमा किसानलाई भएको क्षतिको भरपाई हुने सम्भावना थियो तर यो सम्भावना हराएर गएको छ।

हुनत किसानहरूलाई मौसम चक्रबारे धेरै जानकारी हुन्छ। एकजना किसान ढुक्क भएर भन्छन् – वर्षाको नियम नै यस्तै हो कि लगातार तीन वर्ष एकनास रहँदैन। दुई वर्ष एक किसिमको र तेस्रो वर्ष अर्को किसिमको रहन्छ। यस वर्ष वर्षा ढिलो हुन्छ र यसको कारण धान उत्पादन पनि केही ढिलो हुन्छ। पहिलेका वर्षहरूका तुलनामा कम्तीमा दुई हप्ता ढिलो गरी धान कटनी हुन्छ, यस वर्ष। दुई वर्ष समयमा र पर्याप्त वर्षा भएकोले धान उत्पादन राम्रो भएको छ भने यस वर्ष केही असर त गर्ला तर वर्षाले ढिलो गर्दा पनि अन्तिम परिणाम सुखद नै हुन्छ।

वर्षाको अभावमा किसानहरूले अहिले भोगिरहेको पीडा अनन्त छ।

# कोरोना सङ्क्रमण दर बढ्दो, सचेत रहन आग्रह

काठमाडौं, ११ साउन/रासस

छिमेकी मुलुक भारतमा कोरोना भाइरसको सङ्क्रमण बढिरहेको बेला नेपालमा पनि यसको प्रभाव देखिन थालेको छ।

ओमिक्रोनको 'विएफाइभ' जातिको भेरियन्ट देखिएसँगै नेपालमा सङ्क्रमण दिनानुदिन बढिरहेको छ । विएफाइभ सङ्क्रमण उच्चदरमा फैलिने भएकाले पनि अहिले नेपालमा सङ्क्रमण बढिरहेको छ।

सङ्क्रमण दर ०.५ प्रतिशतसम्म झरेको नेपालमा सङ्क्रमण दर अहिले १२ प्रतिशत पुगेको छ । मन्त्रालयका अनुसार गत साता बुधबार साउन ४ गते सङ्क्रमण दर १० प्रतिशत रहेकोमा अहिले त्यो १२ प्रतिशत पुगेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका प्रमुख डा चुमनलाल दासले अहिले दैनिक बढिरहेको सङ्क्रमणले चौथो लहरको सङ्केत गरेको बताउनुहुन्छ ।

'अहिले देखिएको सङ्क्रमणले चौथो लहरको सङ्केत आइसकेको भन्ने देखाउँछ तर चौथो लहर होइन', उनले भने, 'त्यसैले हामी सबै सचेत रहेर स्वास्थ्यका मापदण्ड लागू गर्नुपर्दछ।' 'नेपालमा पनि देखिएको बिएफाइभ जातको भेरियन्टको सङ्क्रमण

(बाँकी तेस्रो पातामा)

### सङ्क्रमणबाट एकजनाको निधन, ५६४ जना सङ्क्रमित

कोरोना भाइरसको सङ्क्रमण बुधवार ५६४ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले चार हजार ४५४ जनाको परीक्षण गरिएकामा आज ५६४ जनामा सङ्क्रमण देखिएको बताए।

उनका अनुसार काठमाडौं उपत्यकाको ललितपुरमा ४१, भक्तपुरमा १७ र काठमाडौंमा २१८ जनामा सङ्क्रमण देखिएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या तीन हजार ९२९ रहेको छ। विगत २४ घण्टामा २०२ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । यस्तै, सङ्क्रमणबाट एकजनाको निधन भएको छ । अहिलेसम्म होम आइसोलेशनमा तीन हजार ७९४, संस्थागत आइसोलेशनमा १३५, सघन उपचार कक्ष (आइसियू)मा ३२ र भेन्टिलेटरमा दुईजनाको उपचार भइरहेको छ।

# पत्रकारमाथि हातपात घटनाको निन्दा

महोत्तरी, ११ साउन/रासस

यहाँका पत्रकार ललनकुमार मण्डलमाथि भएको हातपात घटनाको पत्रकार सम्बद्ध सङ्घ, सङ्गठनले निन्दा गरेका छन्।

एकजना मिटरब्याजीसँग सम्बन्धित घटनाको रिपोर्टिङका क्रममा गत सोमवार जिल्लाकै गौशाला बजारमा पत्रकार मण्डलमाथि भएको हातपातको नेपाल पत्रकार महासङ्घ, महोत्तरी शाखा र अन्य पत्रकारसम्बद्ध सङ्घ, सङ्गठनले आज विज्ञप्ति जारी गरेर निन्दा गरेका हुन्।

महासङ्घ जिल्ला शाखाका कार्यवाहक अध्यक्ष हेमकुमारी बराल (सुनीता)द्वारा जारी विज्ञप्तिमा समाजमा हुने गरेका घटनाबारे सोधपूछ गर्दा पत्रकार मण्डलमाथि हातपात गरिएको घटना निन्दनीय भएको उल्लेख छ । महासङ्घ जिल्ला शाखाको आज जारी विज्ञप्तिमा घटनाबारे सत्यतथ्य छानबीन गरी दोषीउपर कारबाईको माग गरिएको छ।

त्यसैगरी, जिल्लाका पत्रकार सम्बद्ध सङ्गठन नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालले संयुक्त विज्ञप्ति जारी गर्दै पत्रकार मण्डलमाथि भएको हातपात घटनाबारे छानबीन गरी सबै दोषीउपर कारबाईको माग गरिएको छ। युनियनका जिल्ला अध्यक्ष रवीन्द्र उप्रेती, चौतारीका जिल्ला अध्यक्ष नवीन प्रियदर्शी र सेन्टरका जिल्ला अध्यक्ष धनवीर महतोले जारी गरेको संयुक्त विज्ञप्तिमा पत्रकार मण्डलमाथि आक्रमण गर्ने र मिटरब्याज असुलेर सीधासाधा जनताको बिल्लीबाँठ पार्नेलाई तत्काल कारबाई गर्न माग गरिएको छ।

महासङ्घ जिल्ला शाखाका सदस्य तथा बर्दिवास नगर पत्रकार सञ्जालका अध्यक्ष पत्रकार मण्डल, नेपाल प्रेस युनियनका केन्द्रीय परिषद् सदस्य पनि हुन्। न्यूज–२४ सञ्चारमाध्यममा आबद्ध पत्रकार मण्डललाई सञ्जय रौनियारसहित केही व्यक्तिको समूहले सोमवार मिटरब्याजी घटनाको सोधखोज गर्दा आक्रमण गरेको थियो।

यसैबीच नेपाल प्रहरीले पत्रकार मण्डलमाथि हातपात गर्नेमध्ये सञ्जय रौनियारलाई पक्राउ गरी आवश्यक छानबीन थालिएको जनाएको छ। इलाका प्रहरी कार्यालय, बर्दिवासका प्रहरी नायब उपरीक्षक रवि रावलले घटना सम्बद्ध अन्य आरोपीको खोजबीन भइरहेको जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# एसइईको नतीजा सार्वजनिक

भक्तपुर, ११ साउन/रासस

राष्ट्रिय परीक्षा बोर्डले बुधवार अपराह्न माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ को नतीजा सार्वजनिक गरेको छ । बोर्डले एसइई परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोर्डका सदस्य-सचिव दुर्गाप्रसाद अर्यालले परीक्षामा सहभागीमध्ये चार लाख ९५ हजार ७५१ परीक्षार्थीको नतीजा सार्वजनिक गरेका हुन् ।



नतिजा सार्वजनिक गर्न राष्ट्रिय परीक्षा बोर्डले आयोजना गरेको पत्रकार सम्मेलनमा बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्याललगायत । तस्वीरः रासस

सदस्य-सचिव अर्यालले यस वर्ष उच्च श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी एक दशमलव ९४ प्रतिशत रहेको बताए । उच्च श्रेणी ३ दशमलव ६ देखि ४ जिपिए ल्याउने नौ हजार ६३३ अर्थात् १ दशमलव ९४ प्रतिशत छन् ।

त्यस्तै, ४१ हजार ६२७ विद्यार्थीले ३ दशमलव २ देखि ३ दशमलव ६ जिपिए, ६९ हजार ९०० ले २ दशमलव ८ देखि ३ दशमलव २ जिपिए ल्याएका छन् । ९० हजार ७५८ जनाले २ दशमलव ४ देखि २ दशमलव ८ जिपिए ल्याएका छन् ।

त्यस्तै, एक लाख १२ हजार ७३३ विद्यार्थीले २ देखि २ दशमलव ४ जिपिए, एक लाख ५९४ जनाले १ दशमलव ६ देखि २ जिपिए, ४४ हजार ५८६ विद्यार्थीले १ दशमलव २ देखि १ दशमलव ६ जिपिए र तीन हजार २८० विद्यार्थीले ० दशमलव ८ देखि १ दशमलव २ जिपिए ल्याएको उनले जानकारी दिए ।

सदस्य-सचिव अर्यालले यस वर्ष १ दशमलव ९४ प्रतिशतले ३ दशमलव ६ देखि ४ जिपिए, ८ दशमलव ४० प्रतिशतले ३ दशमलव २ देखि ३ दशमलव ६ जिपिए, १४ दशमलव १० प्रतिशतले २ दशमलव ८ देखि ३ दशमलव २ जिपिए, १८ दशमलव ३१ प्रतिशतले २ दशमलव ४ देखि २ दशमलव ८ जिपिए ल्याएका छन् ।

त्यस्तै, २२ दशमलव ७४ प्रतिशतले २ देखि २ दशमलव ४ जिपिए, २० दशमलव २९ प्रतिशतले १ दशमलव ६ देखि २ जिपिए, ८ दशमलव ९९ प्रतिशतले १ दशमलव २ देखि १ दशमलव ६ जिपिए र ० दशमलव ६६ प्रतिशतले ० दशमलव १ देखि १ दशमलव २ जिपिए ल्याएको उनले जानकारी दिए ।

परीक्षामा २२ हजार ६४० अर्थात् ४ दशमलव ५७ प्रतिशत परीक्षार्थी अनुपस्थित रहेको सदस्य-सचिव अर्यालले जानकारी दिए ।

त्यसैगरी, प्रदेशतर्फ प्रदेश नं १ मा १७ दशमलव ४ प्रतिशत, मधेस प्रदेशमा १५ दशमलव ५ प्रतिशत, वाग्मती प्रदेशमा २१ दशमलव ६७ प्रतिशत, गण्डकी प्रदेशमा ९ दशमलव ३० प्रतिशत, लुम्बिनी प्रदेशमा १७ दशमलव ४५ प्रतिशत, कर्णाली प्रदेशमा ७ दशमलव ५३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ११ दशमलव ५ प्रतिशत विद्यार्थीको नतीजा सार्वजनिक गरिएको छ ।

**नतीजा यसरी हेर्नुहोस्** :

राष्ट्रिय परीक्षा बोर्डले आज प्रकाशित गरेको एसइई परीक्षाको नतिजा सहजै हेर्ने व्यवस्था गरेको छ । बोर्डका अध्यक्ष डा महाश्रम शर्माले नतीजा सहजै हेर्ने व्यवस्था गरेको जानकारी दिए । यसका लागि विद्यार्थीले वेबसाइड, एसएमएस र आइभिआरबाट हेर्न सकिने व्यवस्था गरेको उनले जानकारी दिए ।

परीक्षाको नतीजा हेर्नका लागि नेपाल टेलिकमको १६०० मा डायल गरी प्राप्त निर्देशन अनुसार नतीजा जान्न सकिने व्यवस्था गरेको छ । त्यस्तै, एसएमएस र इन्टरनेटको माध्यमबाट पनि नतीजा हेर्न सकिनेछ । परीक्षा नियन्त्रण कार्यालय र नेपाल टेलिकमको वेबसाइटमा नतीजा हेर्न सक्ने व्यवस्था गरेको उनले बताए ।

एसएमएसका लागि ३१००३, ३४९४९, १६००, ३५००१ र ३३६२४ मा डायल गर्न सक्ने व्यवस्था गरिएको छ । नतीजाका हेर्नका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतको कक्षा १० को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको वेबसाइट www.see.gov.np मा हेर्न सकिने बोर्डले जनाएको छ । त्यस्तै, राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमीको www.neb.gov.np, नेपाल टेलिकमको www.see.ntc.net.np वेबसाइट लगायतबाट पनि नतीजा हेर्न सकिने व्यवस्था गरिएको छ ।

# बच्चाहरूलाई खेल्न व्यावसायिक थलो सञ्चालन

प्रस, परवानीपुर, ११ साउन/

हलभित्रै विभिन्न खेलहरू खेलाइने व्यावसायिक थलो वीरगंजमा पनि सञ्चालन भएको छ ।



तस्वीरः सौजन्य

जसमा बच्चाहरूलाई इन्डोर खेल खेलाइन्छ । वीरगंज, लोहारपट्टिस्थित आरबी कम्प्लेक्समा पिकाबु पार्कको गत फेब्रुअरी ६ मा उद्घाटन भएको थियो ।

दीपक रूँगटा र निजकी पत्नी अङ्किता रूँगटाले रु एक करोडको लगानीमा उक्त थलो सञ्चालनमा ल्याएका हुन् ।

करीब ३८ सय वर्गफिटको हलमा विभिन्न आधुनिक खेल सामग्री राखेर बच्चाहरूलाई खेलाइने गरिन्छ ।


बिहान ११ देखि राति ८ बजेसम्म सञ्चालन हुने उक्त थलोमा बच्चाहरूलाई विभिन्न खेल खेलाएर मनोरञ्जन दिइन्छ ।

शनिवार करीब सयजना बालबालिका खेल्न आउँछन् भने अन्य दिन ३०-४० जना बालबालिका । त्यहाँ रोबोटिक खेलहरू पनि खेलाइने गरेको रूँगटा दम्पतीले बताए ।

# चुरोट कारखाना सञ्चालनका लागि अध्ययन -मन्त्री बडू

जनकपुरधाम, ११ साउन/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले लामो समयदेखि बन्द रहेको जनकपुर चुरोट कारखाना पुनः सञ्चालनका लागि सरकारले सम्भाव्यता अध्ययन गरिरहेको बताएका छन् ।



तस्वीरः सौजन्य

बन्द जनकपुर चुरोट कारखानाको अनुगमन निरीक्षणपश्चात् सञ्चारकर्मीसँग कुरा गर्दै उनले मुलुकका रुग्ण उद्योगहरू के कसरी सञ्चालन गर्ने विषयमा अध्ययन भइरहेको र अध्ययनपश्चात् सरकारले निर्णय लिने जानकारी दिए ।

मुलुकको व्यापार घाटा बढ्दै गएको अवस्थामा त्यसलाई कम गर्न पनि निजी क्षेत्रको सहयोगमा आयात प्रतिस्थापन गरी उत्पादन वृद्धि र रोजगार सिर्जना गर्न रुग्ण उद्योग सञ्चालन गर्न लागेको बताउँदै उनले रुग्ण उद्योग सञ्चालन गर्ने सरकारको नीति अनुसार स्थलगत अवलोकनमा आएको बताए ।

सरकारले चलाएको जनकपुर चुरोट कारखाना कुनै बेला निकै नाम कमाएको उद्योग रहेको र अहिले बेहाल अवस्थामा देखिएकोले कारखानाको अवस्था, यसको सम्पत्ति, मेशिनरीको अवस्थालगायत विषयवस्तु बुझ्न अनुगमनमा आएको मन्त्री बडूको भनाइ थियो ।

अनुगमनका क्रममा मन्त्री बडूसँगै मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव, प्रदेश सरकारका कर्मचारीहरूको सहभागिता थियो । मन्त्री बडूले आजै प्रदेश सरकारका मन्त्रीहरूसँग जनकपुर चुरोट कारखाना सञ्चालन विषयमा छलफल गर्ने कार्यक्रम रहेको जनाएको छ ।

# नेप्से परिसूचक उकालोमा, तीन कम्पनीको शेयरमा सर्किट

काठमाडौं, ११ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार झन्डै २४ अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २३.८३ अङ्कले उकालो लागेर दुई हजार १११.९९ मा पुगेको छ ।




तस्वीरः फाइल

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.५३ अङ्कले उकालो लागेर ४०२.९२ अङ्कमा पुगेको छ । कुल २२७ कम्पनीको ७५ लाख आठ हजार १८८ कित्ता शेयर रु तीन अर्ब १६ करोड १४ लाख ५५ हजार १४२ मूल्यमा खरीद-बिक्री भए ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज व्यापार उपसमूहको मात्रै शेयर मूल्यमा गिरावट आयो । सो उपसमूहको शेयर मूल्य १२.०४ अङ्कले ओरालो लाग्यो । त्यस्तै, बैंकिङ ०.९२, होटल तथा पर्यटन २३.८७, विकास बैंक ५६, जलविद्युत् ७२.३५, वित्त ७५.७४, निर्जीवन बीमा ४३.८, उत्पादन १९.६६, अन्य ३८.९७, लघुवित्त १०७.७३, जीवन बीमा ३४.७९, सामूहिक लगानी कोष ०.०२ र लगानी ०.६९ अङ्कले उकालो लागेका छन् ।

बुधवारको कारोबारपछि बजार पूँजीकरण रु ३० खर्ब १५ अर्ब ७८ करोड ९० लाख १४ हजार ६४९ बराबर पुगेको छ ।

कारोबारका आधारमा शिवम् सिमेन्ट आज पनि शीर्ष स्थानमा छ । सो कम्पनीको रु १७ करोड ९४ लाख ११ हजार ८०८ बराबरको कारोबार भयो । अरुण काबेली पावर रु १२ करोड ३५ लाख ४३ हजार ६७६, गुर्खाज फाइनान्स रु आठ करोड ९२ लाख २१ हजार ७०८, नेस्डो समृद्धि लघुवित्त रु आठ करोड ४८ लाख ४१ हजार २३६ र युनिभर्सल पावर रु आठ करोड ४१ लाख चार हजार ६४८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार उकालो लागेको बजारमा आज तीन कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्यो । ती कम्पनीको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भयो । त्यसमा जानकी फाइनान्स कम्पनी, युनाइटेड मोदी हाइड्रोपावर र राष्ट्र उत्थान लघुवित्त छन् ।

# राजनीतिक दललाई सूचनाको हक कार्यान्वयन गर्न आदेश

काठमाडौं, ११ साउन/रासस

राष्ट्रिय सूचना आयोगले विभिन्न राजनीतिक दलसहित सार्वजनिक निकायलाई सूचनाको हक कार्यान्वयन गर्न आदेश गर्ने निर्णय गरेको छ ।




तस्वीरः फाइल

आयोगले बुधवार प्रेस विज्ञप्ति जारी गर्दै सूचनाको हक कार्यान्वयन गर्न सो आदेश जारी गरेको हो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ (क) को बुँदा ५ मा प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा सङ्गठनलाई 'सार्वजनिक निकाय'का रूपमा परिभाषित गरिएको बताउँदै आयोगले 'सोही ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भनिएको छ साथै उपदफा २ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ ।' आयोगले कानूनबमोजिम दर्ता भएका राजनीतिक दलको वेबसाइट अध्ययन गर्दा अधिकांश राजनीतिक दलले सूचनाको हक पालना नगरेको विज्ञप्तिमार्फत जनाएको छ ।

कानूनमा व्यवस्था भए अनुसार सार्वजनिक निकायले हरेक तीन/तीन महीनामा निकायमा हुने गतिविधिको अद्यावधिक गरी प्रकाशित गर्नुपर्ने हुन्छ तर राजनीतिक दलदेखि विभिन्न सार्वजनिक निकायले सूचनाको हकको पालना गरेको नदेखिएकाले उक्त आदेश जारी गरिएको आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले बताए ।

विसं २०६२ को जनआन्दोलनपश्चात् बनेको लोकतान्त्रिक र गणतान्त्रिक संसद्ले नागरिकलाई बलियो बनाउन र सार्वजनिक निकायलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन २०६४ सालमा सूचनाको हकसम्बन्धी कानून निर्माण गरेको थियो ।

राजनीतिक दलका प्रतिनिधि नै सहभागी भएर निर्माण गरिएको कानून पालनामा तथा यस हकको कार्यान्वयनमा दलको भूमिका झनै सशक्त हुनुपर्नेमा आयोगले जोड दिएको छ ।

सूचनाको हक कार्यान्वयनमा राजनीतिक दलको अहम र अग्रणी भूमिका रहनेसमेत आयोगले उल्लेख गरेको छ । विगतमा भएको आदेशको स्मरण गराउँदै आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को

(बाँकी चौथो पातामा)

## कोरोना सङ्क्रमण दर....

दर उच्च रहेको छ', उनले भने, 'भारतसँग खुला सीमाको कारणले बिएफाइभ जातको सङ्क्रमण नेपालमा पनि प्रवेश गरेकाले सङ्क्रमित बढ्न थालेका हुन् ।'

खुला सीमा भएकाले दैनिक सीमानाकाबाट आउने मानिसमा सङ्क्रमण देखिने गरेको छ र ती मानिसले नै सङ्क्रमण सारिरहेका छन् ।

उनका अनुसार झापाको काँकडभिट्टा र कञ्चनपुरको गड्डाचौकी नाकाबाट प्रवेश गर्नेमा सङ्क्रमण बढी नै देखिने गरेको छ ।

# मुद्दा छिनोफानो नहुँदा नदीजन्य पदार्थको ठेक्कामा अन्योल

प्रस, निजगढ, ११ साउन/

निजगढ नगरपालिका अन्तर्गत रहेका




खोलामा नदीजन्य पदार्थ उत्खनन गरी ठेक्का लगाउने कार्यमा अन्योलता बढेको छ। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश जारी गरेको तर बेलैमा मुद्दाको छिनोफानो नगरिदिंदा अहिले अन्योलता बढेको हो।

साउनको दोस्रो सातासम्ममा नियमपूर्वक निजगढ नगरपालिकाले खोलाहरूमा नदीजन्य पदार्थको ठेक्का आह्वान गर्दा ठेक्का बन्दोबस्तीमा सहज हुने भएपनि अदालतमा परेको मुद्दाको छिनोफानोमा ढिलाइ हुँदा समस्या पर्न सक्ने देखिएको नगरपालिका स्रोतले जनाएको छ।

निजगढ नगरपालिकामा रहेका बकैया र धन्सार खोलाबाट तत्काल अर्को आदेश जारी नभएसम्म नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन नगर्न नगराउन उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले अन्तरिम आदेश जारी गरेपछि निजगढ नगरपालिकाले लगाउँदै आइरहेको ठेक्का प्रभावित हुने देखिएको छ।

प्रत्येक आर्थिक वर्षमा साउन १ देखि १५ गतेसम्म बन्दी प्रत्यक्षीकरणको मुद्दाबाहेक अदालतका अन्य कामकारबाई बन्द हुने भएकोले यसको प्रभाव ठेक्कामा पर्न जाने निनपाले जनाएको छ।

सुरजकुमार गुप्ताले दिएको मुद्दामा अधिवक्ता वीरेन्द्रप्रसाद यादवले बहस गरेपछि अदालतले अन्तरिम आदेश जारी गरेको हो। निवेदक गुप्ताले हालेको मुद्दाको २०७९ वैशाख ५ गतेको आदेशबाट विपक्षीहरूबाट लिखित जवाफ मगाउने गरी निजगढ नगरपालिकालाई विपक्षी बनाइ दिएको निवेदनको आधारमा बाटोको म्यादबाहेक १५ दिनभित्र विपक्षीलाई हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत तथा विपक्षीको हकमा उच्च सरकारी वकीलको कार्यालय, पर्सामार्फत लिखित जवाफ पेश गर्नु भनी सो आदेश जारी गरिएको छ।

गुप्ताले बकैया र धन्सार खोलाबाट नदीजन्य पदार्थ तथा खानीजन्य पदार्थ उत्खनन गर्दा बाढी, पहिरो आई तराई क्षेत्र डुबानमा परी धनजनको क्षति हुने प्रबल सम्भावना रहेको निवेदनमा जनाएका छन्।

अदालतले जारी गरेको आदेश निजगढ नगरपालिकाको कार्यालयमा आएपछि कानूनी परामर्शमा निजगढ नपाअघि बढेको सूचना अधिकारी रविन घिमिरेले जानकारी दिए।

निजगढ नपाको प्रमुख आम्दानीको स्रोत नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती भएकोले अदालतले बेलैमा यस मुद्दाको छिनोफानो गर्नुपर्ने अन्यथा विकास कार्यमा समेत अवरोध सिर्जना हुने यहाँका निर्माण व्यवसायीहरूको भनाइ छ। नियोजितरूपमा नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरे गराए र स्वीकृत आइइई रिपोर्टमा उल्लेख गरिएभन्दा बढी परिमाण उत्खनन गरे ठेकेदार कम्पनीलाई प्रचलित कानून बमोजिमको दण्ड, जरिवाना, सजाय दिने कानून विद्यमान छ।

अघिल्लो वर्ष १६ करोड र गत वर्ष १३ करोड रुपैयाँमा निजगढ नपाले नदीजन्य पदार्थको ठेक्का लगाएको थियो। "हामी कानूनी परामर्शमा जुटेका छौं। अदालतको निर्णय र आदेशलाई पालना गर्दै निजगढ नपा अघि बढ्छ," नगरप्रमुख सुरथ पुरीले बताए।

अदालतले मुद्दाको छिनो चाँडै गरिदिए वातावरणीय परीक्षण रिपोर्टमा उल्लेख भए अनुसार नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का लगाउन पाउने र राजस्व सङ्कलनमा टेवा पुग्ने नगरप्रमुख पुरीले जिकिर गरे। तराई–मधेसका स्थानीय तहहरूको मुख्य आम्दानीको स्रोत नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीबाट आउने राजस्व नै हो। विकास निर्माणदेखि लिएर निजी निर्माण प्रयोजनको लागि नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको प्रयोग अनिवार्य भएकोले मुद्दाको छिनोफानो बेलैमा हुनुपर्ने निनपाले जनाएको छ।

ठेक्काको नाउँमा नदीजन्य पदार्थको जथाभावी उत्खनन, दोहन, राजस्व छली हुन सक्नेतर्फ सम्बन्धित निकाय चनाखो र सचेत हुनुपर्ने सचेत नागरिकहरू बताउँछन्।

## विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान

प्रस, ठोरी, ११ साउन/

राष्ट्रिय प्रकृति संरक्षण कोष र सुनाखरी मध्यवर्ती उपभोक्ता समितिको




संयुक्त मुद्दती कोषको रकमबाट ठोरी–५ का असहाय, जेहेनदार र वन्यजन्तुबाट पीडित क्षेत्रका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गरिएको छ।

आज आयोजित एक कार्यक्रममा सुनाखरी मध्यवर्ती समिति र NTNC का प्रतिनिधिको सहभागितामा ५० जना विद्यार्थीलाई रु १ लाखबराबरको छात्रवृत्ति वितरण गरिएको सुनाखरी उपभोक्ता समितिका सचिव जीवन श्रेष्ठले बताए।

कार्यक्रममा समितिका अध्यक्ष भीमबहादुर पाखिन, राष्ट्रिय प्रकृति संरक्षण कोषका ऋषिराम सुवेदी, कोषाध्यक्ष मधु पासवान, भूपू अध्यक्ष देवी दाहाल, वडासदस्य मैते बमजन, युवा अगुवा विमल प्रधानलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण सचिव श्रेष्ठले गरेका थिए।

## राजनीतिक दललाई सूचना....

उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४ (क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्यान्डलाइन र मोबाइल), इमेल, कोठा नं सार्वजनिक गर्न दलहरूलाई आग्रह गरेको छ।

साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) को सूचना प्रत्येक तीन महीनामा अद्यावधिक गरी प्रकाशन गर्नसमेत भनेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने, सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरलरूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउन आयोगले आदेश दिएको छ। आयोगले केही सञ्चारमाध्यममा सार्वजनिक निकायका वेबसाइटबाट सूचना अधिकारीको नम्बर नै गायब शीर्षकमा आएको समाचारमाथि ध्यानाकर्षण रहेको बताउँदै यसो नगर्न भनेको छ।



**सडकमा व्यापार**: वीरगंजको मूल सडकमा चाडपर्वको बेला हुने व्यापारका कारण ट्राफिक व्यवस्थापनमा समस्या हुने गरेको छ। यस्ता पसलमा सामान सस्तो पाउने गरेको छ। चिनियाँ माटोबाट बनाइएका कप, प्लेटको पसल हेर्दै एकजना बालक। तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### एन्टिबायोटिक कोर्सलाई बीचमैं छाडेपछि हुने असर

जब हामी रोगी हुन्छौं तब चिकित्सकले रोग निको गर्न औषधिसँगै एन्टिबायोटिक सेवन गर्न सल्लाह दिन्छन्। ब्रोङ्काइटिसजस्ता स्वास्थ्य समस्या भएपछि एन्टिबायोटिक सेवन लाभकारी मानिन्छ। यद्यपि एन्टिबायोटिकको आफ्नै कोर्स हुन्छ र त्यसलाई सधैं पूरा गर्न सल्लाह दिइन्छ।



औषधि सेवन गरेको दुई–तीन दिनपछि जब बिरामीलाई निको भएको भान हुन्छ, उसले औषधि सेवन गर्न छाडिदिन्छ र एन्टिबायोटिकको कोर्स पनि पूरा गर्दैन। एन्टिबायोटिक कोर्स बीचमैं छाडेपछि के हुन्छ ? यसको कोर्स पूरा गर्नुपर्छ कि पर्दैन, यसबारे चिकित्सकहरू भन्छन्:

एन्टिबायोटिक्स शक्तिशाली औषधि हुन्छ जसलाई ब्याक्टेरिया मार्न डिजाइन गरिएको हुन्छ। तर केही व्यक्ति सामान्य रूघाखोकी वा फ्लुजस्तो भाइरसविरुद्ध पनि एन्टिबायोटिक सेवन गर्छन्, यस्तो गर्नुहुँदैन, यसले बेफाइदा पुऱ्याउँछ। साधारण रूघा वा फ्लु आदिको लागि एन्टिबायोटिक्स सेवन गर्दा यो एन्टिबायोटिक प्रतिरोधको कारण बन्छ। यस्तो गर्नाले शरीरको सबै गैर–हानिकारक ब्याक्टेरिया पनि एन्टिबायोटिकको सम्पर्कमा आउँछ।

**एन्टिबायोटिक्सले कसरी काम गर्छ ?** एन्टिबायोटिक्स साधारणतया दुई प्रकारको हुन्छ– ब्याक्टेरियोस्टेटिक र जीवाणुनाशक। ब्याक्टेरियोस्टेटिक एन्टिबायोटिक्स, जस्तै–एजिथ्रोमाइसिन र डोक्सिसाइक्लिन, ब्याक्टेरियाको विकासलाई रोक्छ। जीवाणुनाशक एन्टिबायोटिक्स, जस्तै–एमोक्सिसिलिन र सेफैलेक्सिनले ब्याक्टेरियालाई नै मार्छ।

यी एन्टिबायोटिक्सलाई चिकित्सकले रोगको आधारमा दिन्छन्। साधारणतया, ब्याक्टेरियल इन्फेक्शन भएपछि एन्टिबायोटिक सेवन गर्न सल्लाह दिइन्छ।

**एन्टिबायोटिक औषधिको कोर्सको अवधि कसरी निर्धारित हुन्छ ?** हरेक एन्टिबायोटिक सेवन गर्ने एउटा निश्चित समय हुन्छ र त्यसैको आधारमा सेवन गर्नुपर्छ। कहिलेकाहीं चिकित्सकले पाँच दिनसम्म एन्टिबायोटिक सेवन गर्न भन्छन् भने कहिलेकाहिं यो अवधि १४ दिनसम्मको पनि हुन सक्छ। उपचार कैयौं कारकको आधारमा भिन्न हुन्छ र एन्टिबायोटिक उपचारको अवधि पनि यस्तै हुन्छ जसलाई चिकित्सक र शोधकर्ताद्वारा लगातार पुनःपरीक्षित गरिएको हुन्छ। सङ्क्रमण भएपछि एउटा तय समयको लागि एन्टिबायोटिक लिनु आवश्यक हुन्छ भने कहिलेकाहीं तपाईंको बिमारी पनि एन्टि–बायोटिक कोर्सको आधारको कारण बन्छ। एउटा अन्य महत्त्वपूर्ण निर्धारक कारक यो हो कि तपाईंको पुरानो स्वास्थ्य समस्या जस्तै अस्थमा, मधुमेह वा हृदयरोग।

**एन्टिबायोटिक्स कोर्स बीचमै छाड्दा के हुन्छ ?** एन्टिबायोटिक कोर्सलाई सदैव पूरा गर्नुपर्ने सल्लाह दिइन्छ। यसको दुई कारण हुन्छ– सबैभन्दा पहिले त हेल्थ केयर प्रोभाइडरले तपाईंलाई पूर्णरूपले स्वस्थ गर्नको लागि एन्टिबायोटिक औषधिको कोर्स तय गर्छ र त्यसलाई हामीले पूरा गर्नुपर्छ। र दोस्रो कारण हो– एन्टिबायोटिक रेसिस्टेन्स।

जब तपाईं आफ्नो एन्टिबायोटिक कोर्स पूरा गर्नुहुन्छ तब यसले रोगको लागि जिम्मेवार सबै जीवाणुलाई मार्न सक्षम हुन्छ। यदि कोर्स बीचमैं छाड्नुहुन्छ भने ब्याक्टेरियाको एउटा सानो भाग शरीरभित्रै रहन्छ र त्यस ब्याक्टेरियामा आफ्नो प्रतिरोध मजबुत गर्न, बदलिन र विकसित गर्ने क्षमता हुन्छ। तसर्थ एन्टिबायोटिक सेवन गरेको केही दिनमा आफू निको भएको महसूस गरेपनि शरीरलाई रोगी बनाउने ब्याक्टेरिया शरीरबाट पूर्णरूपमा नष्ट भएको हुँदैन।

### यहाँ हरेक घरमा हुन्छ हवाइजहाज

हामीले अहिलेसम्म मान्छेको घर अगाडि मोटरसाइकल, कार पार्किङ गरेको देखेका छौं। तर अमेरिकाको क्यालिफोर्नियाको कैमरून एयरपार्कमा बस्ने अधिकांश व्यक्तिसँग आफ्नै विमान छ। यहाँ बस्ने अधिकांश मान्छे एभिशन इन्डस्ट्रिजमा



काम गर्छन्। यहाँ गली–सडकमा पनि एभिशन इन्डस्ट्रीको छाप स्पष्ट देखिन्छ। यहाँको घरमा विमान पार्किङ बनाइने गरिन्छ। क्यामरून एयरपार्कमा विमान राख्नको लागि हैङ्गर बनाइएको हुन्छ। सडक र गलीको नाम पनि विमानसँग सम्बन्धित हुन्छ, जस्तै– बोइङ्ग रोड।

मनी कन्ट्रोलको एउटा रिपोर्ट अनुसार अमेरिकामा दोस्रो विश्वयुद्धपछि पनि एयरफिल्ड रहिरह्यो। अमेरिकामा हवाइ पाइलटको सङ्ख्यामा निकै वृद्धि भयो र पाइलटको सङ्ख्या सन् १९४६ सम्म चार लाख पुग्यो। अमेरिकाको नागरिक उड्डयन प्राधिकरणले अवकाशप्राप्त पाइलटलाई बसाउन डिएक्टिभेट सैन्य लेन्सको प्रयोग गर्नबारे सोच्यो तथा देशको कैयौं ठाउँमा आवासीय हवाई क्षेत्र बनाउने प्रस्ताव राख्यो। यी आवासीय हवाई क्षेत्रमा यस्ता मान्छेलाई बसाइयो जो कुनै प्रकारले एभिशनसँग सम्बन्धित थिए। यस्तै एउटा रेजिडेन्शियल एयर पार्क क्यालिफोर्नियाको क्यामरून एयरपार्क नामले बसाइएको थियो। एभिएशनसँग सम्बन्धित भएको कारण यहाँ बस्ने हरेक नागरिकले हवाइजहाज राख्न थाले। भनिन्छ यहाँ बस्ने व्यक्तिहरूका लागि हवाइजहाज किन्नु कार किन्नुजत्तिकै सरल छ। उनीहरू विमानबाट कार्यालय जान्छन्। त्यसैले यहाँको सडक निकै फराकिलो बनाइएको छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## फिलिपिन्समा शक्तिशाली भूकम्प

मनिला, ११ साउन/एएनआई

फिलिपिन्समा बुधवार शक्तिशाली भूकम्प आएको छ। अमेरिकी भूगर्भ विभागले दिएको जानकारी अनुसार फिलिपन्समा ७.१ म्याग्निच्युडको भूकम्प आएको हो।

स्थानीय समयानुसार राति १२.४३ मा भूकम्प आएको स्थानीय बासिन्दाले जानकारी दिएका छन्। देशको उत्तरी क्षेत्रमा भूकम्प आएको हो। भूकम्पको धक्का भने राजधानी मनिलामा पनि महसूस गरिएको थियो।

क्षतिको विवरण आइ नसकेपनि ठूलो धक्का भएकोले धेरै क्षति भएको हुन सक्ने अनुमान अधिकारीहरूले गरेका छन्। अब्रा प्रान्तको धेरै जनघनत्व रहेको लुजोन टापूमा केन्द्रबिन्दु बनाएर आएको भूकम्पका कारण धेरै भवन तथा भौतिक संरचनाहरू भत्केका छन्।

भूकम्पकै कारण कतिपय ठाउँमा पहिरो पनि गएको र सडक, सञ्चार, विद्युत्लगायत सेवा अवरुद्ध भएको जनाइएको छ। घटनास्थलमा खोजी तथा उद्धारका लागि ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तथा उद्धारकर्ता परिचालन गरिएका छन्।

राष्ट्रपति फर्निनान्ड मार्कोस जुनियरले भूकम्पबाट प्रभावित क्षेत्रमा खोजी तथा उद्धारका लागि कुनै कसर बाँकी नराख्न निर्देशन दिएका छन्।

राष्ट्रपति मार्कोस उक्त क्षेत्रको निरीक्षण गर्न जान लागेको पनि उनको सचिवालयले जनाएको छ। रासस



फिलिपिन्सको आब्रा प्रान्त भर्खरै गएको भूकम्पले ढालेको घर। फोटो : एजेन्सी

## काङ्ग्रेस नेत्री सोनिया गाँधीको बयान जारी

नयाँ दिल्ली, ११ साउन/एएनआई

नेशनल हेराल्ड अखबारसँग सम्बन्धित मुद्दामा काङ्ग्रेस नेत्री एवं अन्तरिम अध्यक्ष सोनिया गाँधीलाई मुद्रा निर्मलीकरण, विदेशी मुद्रा कारोबार, कर छलीलगायत विषयमा अनुसन्धान गर्ने निकाय इन्फोर्समेन्ट डाइरेक्टोरेट (इडी)ले आज पनि सोधपूछ गरेको छ।

इडीले तेस्रो चरणको बयानका निम्ति नेतृ गाँधीलाई बोलाएपछि उनी आफ्नी छोरी प्रियङ्का गाँधीका साथ इडीमा उपस्थित भएकी थिइन्। इडीका अधिकारीले ७५ वर्षीया गाँधीलाई मङ्गलवार छ घण्टाभन्दा बढी समय बयान लिएका थिए। नेशनल हेराल्ड अखबार र अनुसन्धानमा रहेको कम्पनी यङ्ग इन्डियन प्रालिमा उनको संलग्नताबारे ३० वटा प्रश्नको जवाफ मागिएको थियो।

यसैबीच काङ्ग्रेस कार्यकर्ताले नेत्री गाँधीमाथि गरेको सोधपूछको विरोधमा प्रदर्शन गरेका छन्। राजस्थानका मुख्यमन्त्री एवं काङ्ग्रेस नेता अशोक गहलोतले देशमा इडीको आतङ्क फैलिएको टिप्पणी गर्दै सर्वोच्च अदालतबाट समयमैं निर्णय हुनुपर्ने कुरामा जोड दिएका छन्।

काङ्ग्रेस कार्यकर्ताले पार्टीको अन्तरिम अध्यक्षसँग इडीले गरेको सोधपूछको विरोध गर्दै मुम्बईको बोरिवली रेलवे स्टेशनमा रेल रोक्ने प्रयास गरेका छन्। इडीले शक्तिको दुरुपयोग गरी विपक्षी दलकी नेत्री गाँधीलाई दुःख दिएकोमा काङ्ग्रेसका कार्यकर्ताले देशव्यापी विरोध प्रदर्शन गरिरहेका छन्। रासस



नयाँ दिल्लीमा भएको हेराल्ड मुद्दाको सुनवाइको सिलसिलामा घरबाट निस्कँदै काङ्ग्रेस अध्यक्ष सोनिया गाँधी तथा उनकी पुत्री प्रियङ्का गाँधी। फोटोः पिटिआई

## चीनद्वारा छवटा नयाँ उपग्रह प्रक्षेपण

जिउक्वान, ११ साउन/सिन्हवा

चीनले छ वटा नयाँ उपग्रह प्रक्षेपण गरेको छ। यहाँस्थित उपग्रह प्रक्षेपण केन्द्रबाट ती उपग्रह आज अन्तरिक्षमा पठाइएको हो।

अन्तरिक्ष प्रविधि परीक्षण उपग्रह र वायुमण्डलीय घनत्व जाँच गर्ने नयाँ परीक्षण उपग्रहसहित ती उपग्रह प्रक्षेपण गरिएको तथा तिनले सफलतापूर्वक कक्षमा प्रवेश गरेका छन्।

यससँगै चिनियाँ विज्ञान प्रतिष्ठानले स्वतन्त्ररूपमा विकास गरेको लिजियान–१ को उपग्रह प्रक्षेपणको लक्ष्य हासिल भएको छ। रासस





## वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियमविपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | भाग्योदय | वृष | बेचैनी |
| मिथुन | धनलाभ | कर्कट | कर्मप्राप्ति |
| सिंह | राज्यभय | कन्या | रोगभय |
| तुला | यात्रालाभ | वृश्चिक | कडापरिश्रम |
| धनु | चोरभय | मकर | उदरपीडा |
| कुम्भ | विजय | मीन | धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



## फन्टी खोलाको कल्भर्टमा ठूलो खाडल

बलिराम शुक्ला, बिरुवागुठी, ११ साउन/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडी र छटैली गाउँ जोड्ने फन्टी खोलाको कल्भर्ट जीर्ण भएपछि दुर्घटनाको जोखिम बढेको छ।

कल्भर्टको बीच भागमा ठूलो खाडल हुँदा आवतजावत गर्ने विद्यार्थी तथा बटुवाहरू सो खाडलमा पर्न सक्ने स्थानीयवासीहरूले बताएका छन्। खाडल भएको वर्ष दिन बितिसक्दा पनि पर्सागढी नगरपालिका र वडा कार्यालयले मरम्मत नगर्दा दुर्घटनाको जोखिम बढेको वडा नं ४ निवासी सरोज चौधरीले बताए। सो सडक भएर पर्सागढी नगरपालिकाको छटैली, हरदासपुर, हर्दिया, पचरुखी, बहुअर्वा, जिगना गाउँका स्थानीयवासी तथा विद्यार्थीहरू आवागमन गर्छन्।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वाछटैलीमा पढ्न विद्यार्थीहरू यही कल्भर्ट भएर जोखिम मोलेर आवागमन गर्छन्। अहिले वर्षात्को समयमा कल्भर्टको यथाशीघ्र मरम्मत गर्नुपर्ने स्थानीयवासीको माग छ।




## महँगीविरुद्ध राप्रपाको वीरगंजमा प्रदर्शन

प्रस, वीरगंज, ११ साउन/

राप्रपा, पर्साले वीरगंजमा महँगीको विरोधमा प्रदर्शन गरेको छ।

राप्रपाको देशव्यापी अभियान अन्तर्गत बुधवार वीरगंजमा थाल ठटाएर राप्रपाका कार्यकर्ताहरूले महँगीविरुद्ध प्रदर्शन गरेका थिए।

राप्रपा, पर्साको रानीघाटस्थित कार्यालयबाट निकालिएको जुलूसमा सहभागीहरूले थाल ठटाउँदै महँगीविरुद्ध नगरपरिक्रमा गरेका थिए।

प्रदर्शनपछि घण्टाघरमा आयोजित कोणसभामा जिल्ला अध्यक्ष सुमेश्वर उपाध्यायले देशभर महँगी बढेको भन्दै सरकारको आलोचना गरे। उनले महँगी नियन्त्रण गर्ने जिम्मेवारी सरकारको भएको तर सरकार आफ्नो जिम्मेवारीबाट विमुख भएको भन्दै सबै नेपाली जनताले यसको विरोध गर्नुपर्ने बताए।

कोणसभामा आन्दोलन परिचालन समितिका अध्यक्ष नगिना यादव, नेत्री विणा जयसवाललगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रम राप्रपा, पर्साकी वरिष्ठ उपाध्यक्ष शान्तिदेवी खड्काको अध्यक्षतामा भएको थियो।




## एक करोड ६७ लाख राजस्व सङ्कलन

प्रस, रौतहट, ११ साउन/

यातायात व्यवस्था सेवा कार्यालय, गौर, रौतहटले आव २०७८/७९ मा एक करोड ६६ लाख ९२ हजार १९ रुपैयाँ राजस्व सङ्कलन गरेको छ। प्रदेश सरकारतर्फ जाने विभिन्न शीर्षकमा सङ्कलन भएको राजस्व एक करोड ५८ लाख ९६ हजार ८६९ र सङ्घीय सरकारतर्फ जाने राजस्व सात लाख ९५ हजार १५० गरी १ करोड ६६ लाख ९२ हजार १९ रुपैयाँ राजस्व सङ्कलन भएको यातायात व्यवस्था सेवा कार्यालय, गौरका प्रमुख राजकिशोर साहले बताए।

राजस्व शीर्षक यातायात क्षेत्रको आम्दानी छ लाख ६७ हजार १२०, सवारीसाधन कर एक करोड ३९ लाख ८४ हजार ७६४, व्यवसाय रजिस्ट्रेशन दस्तुर ४९ हजार २००, चालक अनुमतिपत्र सवारी दर्ता किताबसम्बन्धी दस्तुर ११ लाख ९५ हजार ७८५ रुपैयाँ सङ्कलन भएको सो कार्यालयले जनाएको छ।

यातायात व्यवस्था मन्त्री मोहम्मद अफताब आलम रहेका बेला गौरमा कार्यालय स्थापना भएपनि २०७८ भदौ ९ गतेदेखि कार्यालय सञ्चालन भएको थियो। सवारी नवीकरण गर्न वीरगंज जानुपर्ने बाध्यता अहिले हटे पनि सवारी चालक अनुमतिपत्र नवीकरण गराउन अहिले पनि रौतहटवासी वीरगंज जानुपर्ने बाध्यता रहेको छ। यातायातसम्बन्धी सम्पूर्ण कामकाज यातायात व्यवस्था सेवा कार्यालय, गौरबाट सञ्चालन गर्न रौतहटवासीको माग छ।




## ठोरीमा भालुको आक्रमणबाट एकजना घाइते

प्रस, ठोरी, ११ साउन/

ठोरी गाउँपालिका वडा नं ३ मा बुधवार भालुको आक्रमणमा परी एकजना व्यक्ति गम्भीर घाइते भएका छन्।

बिहान ९ बजे जङ्गलछेउको आफ्नै खेतमा पानी लगाइरहेको अवस्थामा जङ्गलबाट आएको भालुले आक्रमण गर्दा ठोरी गाउँपालिका वडा नं ३ निवासी ६० वर्षीय दलबहादुर श्रेष्ठ घाइते भएको श्रेष्ठका ज्वाइँ पन्नालाल विष्टले जानकारी दिए।

घाइते श्रेष्ठको भालुले आक्रमण गर्दा देब्रे हात, देब्रे खुट्टा र पाखुरामा गम्भीर चोट लागेको छ। देब्रे हातको मासु लुछेर गहिरो चोट पुगेको पनि विष्टले जानकारी दिए। पानी लगाइरहेको बेलामा एक्कासि भालु आएर आक्रमण गर्न थालेपछि केहीबेरसम्म श्रेष्ठ र भालुको कुश्ताकुश्तीसमेत परी त्यस ठाउँबाट श्रेष्ठ भाग्न सफल भएको विष्टले जानकारी दिए। घाइते श्रेष्ठलाई वीरगंजस्थित नारायणी अस्पतालमा सामान्य उपचारपछि थप उपचारको लागि चितवन मेडिकल कलेज, भरतपुर लगिएको र सोही अस्पतालमा उपचार भइरहेको घाइतेको उपचारमा सँगै रहेका विष्टले जानकारी दिए।




## दुईजना बालबालिकाको उद्धार

प्रस, रौतहट, ११ साउन/

दुईजना बालबालिकालाई जिल्ला प्रहरी कार्यालय, रौतहटको सहयोगमा उद्धार गरिएको छ। अन्दाजी १३ वर्षीया मनीषा कुमारी र सात वर्षकी खुशी कुमारीलाई उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा राखिएको छ।

अत्यधिक जोखिममा रहेका बालबालिकालाई जिल्ला प्रशासन कार्यालय, गौर नगरपालिका कार्यालय, राष्ट्रिय बालअधिकार परिषद्, बालबालिका खोजतलाश प्रदेश समन्वय केन्द्रलगायतको सहयोगमा उद्धार गरिएको हो।

# देशमा कुनै पनि बेला निर्वाचन हुन सक्छ -नेता कोइराला

प्रस, वीरगंज, ११ साउन/

नेपाली काङ्ग्रेसका नेता डा शेखर




कोइरालाले कुनै पनि बेला देश निर्वाचनमा जान सक्ने बताएका छन्। प्रेस युनियन, पर्साले वीरगंजमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता कोइरालाले कुनै पनि बेला देश निर्वाचनमा जान सक्ने बताए।

उनले नेकाभित्र गठबन्धन गर्ने, नगर्ने विषयमा अहिले पनि केन्द्रीय समितिमा बहस भइरहेको बताए। उनले अहिले पाँच दलीय सत्ता गठबन्धन रहेकोले गठबन्धन जोगाइराख्ने र नेकालाई चुनावमा कम क्षति होस् भन्नेतर्फ नेका कार्यसमितिभित्र बहस चलिरहेको बताए।

उनले नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीलाई आफू नै सबथोक हुँ भन्ने लागेको भएपनि स्थानीय चुनावमा नेका ठूलो पार्टी बनेको र पुरानो पार्टी पनि भएकोले गठबन्धन बनाएर जाँदा कमसेकम क्षति होस् भन्ने सोच आफूहरूको भएको बताए।

उनले आर्थिक, सामाजिक रूपान्तरण हुने पार्टीबीच तालमेल हुनुपर्छ र एकै धारणाका साथ अगाडि बढ्नुपर्छ भन्ने मान्यतामा नेका रहेको प्रस्ट्याए। नेका र गठबन्धनमा रहेका दलहरूबीच आर्थिक, वैदेशिक नीतिबारेमा पनि न्यूनतम समझदारी आवश्यक भएको उनले बताए। एमसिसी प्रकरणमा गठबन्धनका दलहरू सडक तताउन पनि उन्मुख भएकातर्फ उनले इशारा गर्दै यस्तो पारा नचल्ने बताए।

उनले नेका बहुमतका साथ पाँच वर्ष सरकारमा टिकाउ हुने सोचले अगाडि बढेको प्रस्ट्याए। नेता कोइरालाले नेकपा माओवादी केन्द्रले अघि सारेझैं २०७४ सालको अवस्थामा सिट बाँडफाँड हुन नसक्ने बताए।

त्यतिखेर माओवादी केन्द्रले कसरी जितेको भन्ने सबैलाई थाहा भएको भन्दै उनले त्यो आधारमा सिट बाँडफाँडको कुरा चलाउने हो भने नेकालाई स्वीकार्य नहुने बताए। उनले नेकाका शीर्ष नेता गिरिजाप्रसाद कोइरालाले सहमति, सहकार्य, एकताका साथ अगाडि बढ्नुपर्ने सन्देश दिएको र यो पहिले नेकाभित्र हुनुपर्छ र त्यसपछि अन्य पार्टीहरूसँग पनि सहमति, सहकार्य, एकता गर्नुपर्छ जिकिर गरे।

पत्रकार सम्मेलन प्रेस युनियन, पर्साका अध्यक्ष रामनारायण कुर्मीको अध्यक्षतामा भएको थियो।

# विपी स्मृति दिवसको अवसरमा रक्तदान, वृक्षारोपण

प्रमोद यादव, पंचगावाँ, ११ साउन/

४०औं विपी स्मृति दिवसको






अवसरमा नेपाली काङ्ग्रेस सखुवाप्रसौनी गाउँ एकाइ कमिटीले आयोजना गरेको रक्तदान कार्यक्रममा ५५ जनाले रक्तदान गरेका छन्।

सखुवाप्रसौनी गाउँपालिका-२ श्रीपुर पंचगावाँ मन्दिर प्राङ्गणमा आयोजित कार्यक्रममा प्रेमशङ्कर मुखिया, सन्दीप श्रेष्ठ, हेमराज महतो, शैलेन्द्रकुमार यादव, नरेन्द्र कँडेल, विकाश बस्नेत, सुलेमान मियाँ दर्जीलगायत ५५ जनाले रक्तदान गरेको गापा अध्यक्ष दिनेशकुमार चौधरीले बताए।

कार्यक्रमका प्रमुख अतिथि नेपाली काङ्गेसका पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरीले विपी कोइरालाले पार्टी र समाजको लागि उदाहरणीय कार्य गरेको बताए।

नेका सखुवाप्रसौनी गाउँ एकाइ कमिटीका अध्यक्ष जयराम महतोको अध्यक्षतामा भएको कार्यक्रममा नेताहरू चन्द्रकिशोर चौधरी, शैलेन्द्रप्रसाद यादव, योगेश्वर यादवलगायतले मन्तव्य राखेका थिए।

**सुग्रीव साह, भिस्वा/**

जननायक विपी कोइरालाको ४०औं स्मृति दिवसको अवसरमा छिपहरमाई गाउँपालिकामा वृक्षारोपण गरिएको छ। नेपाली काङ्ग्रेस छिपहरमाई गापाका अध्यक्ष सुरेन्द्रप्रसाद कानूको अध्यक्षता तथा प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेता नवीन सिंहलगायतको सहभागिता थियो।




## सामाजिक कुरुति विरुद्ध....

बताइएको छ।

कार्यक्रममा उपप्रमुख नजबु शेहर, महिला अधिकार मञ्च बाराकी अध्यक्ष फूलपतीदेवी मुखिया, सुचिता कर्ण, नागरिक समाज बाराका अध्यक्ष अरविन्द कुशवाहा, वीरबहादुर कुशवाहा समाजसेवी शेख मोतिन, सशस्त्र प्रहरी बल बिओपी गोलागंजका प्रनि कमल पन्थी प्रअ कमलेश अग्रहरि, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरूलगायत स्थानीय महिला, पुरुषहरूको सहभागिता थियो।

नेपाल प्रहरी बाराको संयोजनमा भएको कार्यक्रमको सञ्चालन इप्रका, सिम्रौनगढका प्रहरी सहायक निरीक्षक झाले गरेका थिए।

कार्यक्रममा एउटा कथाचित्र पनि देखाइएको थियो।

## ग्रामीण महिला....

कामकाजका लागि घरबाहिर जानुपर्ने हुनाले यस्तो अवस्थामा एकान्तमा आफूमाथि कुनै पुरुषले दुव्यवहार गरे बलबुद्धिको प्रयोग गरी बच्न सकिने जानकारी पाएको बताइन्।

कक्षा १२ मा अध्ययनरत प्रतिमा कुमारीले ग्रामीण भेगका विद्यार्थीहरूलाई टाढा विद्यालय पुग्नुपर्ने बाध्यता हुन्छ, यस्तो अवस्थामा विद्यालय आउँदा-जाँदा अथवा विद्यालयभित्र कसैले गलत व्यवहार गरे त्यसको प्रतिकार गर्न सकिने बताइन्।

मधेस प्रदेशको सिराहा जिल्लाका चारवटा पालिका, बाराका तीनवटा पालिका र पर्साका तीनवटा पालिका गरी यस तालीममा अहिलेसम्म तीन सयभन्दा बढी बालिकालाई दलित महिला केन्द्र नेपालले आत्मसुरक्षा प्रशिक्षण दिइसकेको छ।

# खेलकूदको संसार

## बङ्गलादेशले टी-२० विश्वकप आयोजना गर्ने

नयाँ दिल्ली, ११ साउन/सिन्ह्वा

बङ्गलादेशले आगामी सन् २०२४ मा महिला टी-२० विश्वकप आयोजना गर्ने भएको छ। साथै इङ्गल्यान्डले सो खेलकूद सन् २०२६ मा आयोजना गर्ने भएको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले घोषणा गरेको छ।

साथै भारतले सन् २०२५ मा ५० वर्षभन्दा माथिका महिलाको विश्वकप क्रिकेट आयोजना गर्ने भएको घोषणा पनि सो काउन्सिलले गरेको छ। मङ्गलवार आइसिसीले प्रकाशन गरेको विज्ञप्तिमा भारतले सन् २०१३ पछि पहिलोपटक यो क्रिकेट प्रतियोगिताको आयोजना गर्ने भएको बताइएको छ।

त्यसैगरी, आइसिसीले श्रीलङ्काले सन् २०२७ मा महिला टी-२० च्याम्पियन ट्रफीको आयोजना गर्ने भएको बताएको छ। आइसिसी बोर्डले प्रतिस्पर्धाका आधारमा ती प्रतियोगिताहरूको आयोजना गर्न दिने गरी छनोट गरेको हो।

# परवानीपुरमा नियम अनुसार सडक बन्ने

प्रस, परवानीपुर, ११ साउन/

वीरगंज-पथलैया औद्योगिक कोरिडोरको परवानीपुर बजार क्षेत्रमा सडकको चौडाइ घटाएको विषयमा व्यापारिक मार्गका प्राविधिकहरूले नियम अनुसार सडक विस्ताको काम हुने बताएका छन्।





सडकको चौडाइ घटाएर निर्माण गरिएको नाला र छानबीन टोलीले सडकको नापजोख गर्दै। तस्वीरः फाइल/प्रतीक

सडकको चौडाइ घटाएको आरोप लागेका वीरगंज-पथलैया व्यापारिक मार्ग आयोजनाका साइट इन्जिनीयर सुरेन्द्र साहले विवाद सिर्जना भएको ठाउँमा पचास मिटर चौडाइ हुने गरी सडक निर्माण हुने बताए। उनले सडकको चौडाइ घट्नुमा आफू दोषी नभएको बताउँदै ठेकेदारको बदमाशीका कारण सडकको चौडाइ ४७ मिटर हुन गएको र त्यसलाई सच्याइने बताए। उनले सडकको चौडाइ कम भएको ठाउँमा निर्माण भएको नाला भत्काएर सडक पचास मिटर चौडाइ हुनेगरी नाला निर्माण हुने परवानीपुरबाट पथलैया कार्यालयमा गएको टोलीलाई भनेका छन्।

आर्थिक प्रभावमा परी सडकको चौडाइ घटाएको विषयमा परवानीपुरका बासिन्दाहरू आक्रोशित छन्। यस विषयमा ध्यानाकर्षण गराउन टोली पथलैया गएको थियो। यदि सडकको चौडाइ नियम अनुसार भएन भने अख्तियार तथा अदालतको बाटो जाने स्थानीयहरूले चेतावनी दिएका छन्।

# पाँचदेखि १२ वर्षका विद्यार्थीलाई खोप

प्रस, वीरगंज, ११ साउन/

वीरगंज महानगरपालिकाको शिक्षा



उपप्रमुख आलम (दायाँ)लाई ज्ञापनपत्र बुझाउँदै अभिभावक सङ्घर्ष सङ्घका अध्यक्ष

महाशाखाले विद्यालय बन्द रहेको बेला यही साउन १३ देखि १६ गतेसम्म पाँचदेखि १२ वर्ष उमेरका विद्यार्थीहरूलाई खोप लगाउन अभिभावकहरूलाई आग्रह गरेको छ।

जिल्ला खोप समन्वय समितिको साउन ४ गतेको निर्णय अनुसार पाँचदेखि १२ वर्ष उमेरका जिल्लाभरिका बालबालिकाहरूलाई फाइजर खोप दिने निर्णय भएकोले सोही अनुरूप १३ देखि १६ गतेसम्म महानगरका बालबालिकाहरूलाई पहिलो खोपको मात्रा लिएकाहरूलाई दोस्रो र नलिएकाहरूलाई पहिलो मात्रा लगाउने अभियान वडास्थित स्वास्थ्य संस्थाहरूबाट सञ्चालन गरिने हुँदा सोही अनुरूप खोप लगाउन आग्रह गरिएको छ।

महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले बुधवार यो सूचना जारी गरेका हुन्। महानगरका विद्यालयहरू साउन १ देखि २० गतेसम्म बन्द छन्।

अत्यधिक गर्मीको कारण विद्यालय बन्द रहेको अवस्थामा पाँचदेखि १२ वर्ष उमेरका विद्यार्थीहरूलाई फाइजर खोपको लागि महानगरपालिकाले नै आह्वान गर्दा अहिले यो सूचनाको आलोचना भइरहेको छ।

यसैबीच अभिभावक सङ्घर्ष समिति, पर्साले बन्द विद्यालय खुला गर्न बुधवार महानगरमा ज्ञापनपत्र बुझाएको छ। समितिका अध्यक्ष सन्दीप साहलगायतले उपप्रमुख इम्तियाज आलम, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णलाई ज्ञापनपत्र बुझाउँदै मौसम अनुकूल भएकोले बन्द विद्यालय खुला गर्न माग गरे। उनीहरूले असार २८ गते अत्यधिक गर्मीको कारण महानगरले वर्षे बिदामा कट्टा हुने गरी विद्यालय बन्द गर्ने निर्णय स्वागतयोग्य भएको तर अहिले मौसम अनुकूल भइसकेकोले बन्द विद्यालय सञ्चालन गर्न माग गरेका थिए।

## गर्मी एवं वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औंलो (मलेरिया), डेंगु ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड